# बीमक गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका, २०७०

बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) को अधिकार प्रयोग गरी बीमा समितिले बीमक गाभ्ने तथा गाभिने सम्बन्धमा देहाय बमोजिमको निर्देशिका बनाई जारी गरेको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "बीमक गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका, २०७० रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनु पर्छ ।

(ग) "बीमक" भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(घ) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय सम्झनु पर्छ र सो शब्दले पुनर्बीमा व्यवसायलाई समेत जनाउँछ ।

(ङ) "प्रस्तावित योजना (प्रपोज्ड स्कीम)" भन्नाले समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमक गाभ्ने तथा गाभिने सम्बन्धमा बीमकको साधारण सभामा बिशेष प्रस्तावबाट पारित योजना सम्झनु पर्छ ।

(च) "गाभ्ने बीमक" भन्नाले प्रस्तावित योजना अन्तर्गत गाभिने बीमकको बीमा व्यवसायलाई ग्रहण गर्ने बीमक सम्झनु पर्छ ।

(छ) "गाभिने बीमक" भन्नाले प्रस्तावित योजना अन्तर्गत अर्को बीमकमा गाभिने बीमक सम्झनु पर्छ

(ज) "बीमाङ्की" भन्नाले बीमा व्यवसायमा भएको दायित्वको निर्धारण तथा गणना गर्नको लागि बीमकद्वारा नियुक्त गरिएको तोकिए बमोजिमको योग्यता भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "मूल्याङ्कनकर्ता" भन्नाले प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न प्रमाणपत्र प्राप्त लेखा परिक्षक सम्झनु पर्छ ।

परिच्छेद-२

## बीमक गाभ्ने वा गाभिने सम्वन्धी व्यवस्था

३. **बीमक गाभ्न वा गाभिन सक्ने** : (१) यस निर्देशिकाको अधिनमा रही जीवन बीमा व्यवसाय गर्ने बीमकले जीवन बीमा व्यवसाय गर्ने अर्को बीमकलाई तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले निर्जीवन बीमा व्यवसाय गर्ने अर्को बीमकलाई गाभ्न वा जीवन बीमा व्यवसाय गर्ने बीमक अर्को जीवन बीमा व्यवसाय गर्ने बीमकमा तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमक अर्को निर्जीवन बीमा व्यवसाय गर्ने बीमकमा गाभिन सक्ने छन् ।

(२) यस निर्देशिकाको अधिनमा रही जीवन बीमा व्यवसाय गर्ने दुई वा सोभन्दा बढी बीमकहरु एकआपसमा गाभिएर अर्को जीवन बीमा व्यवसाय गर्ने बीमक स्थापना गर्न वा निर्जीवन बीमा व्यवसाय गर्ने दुई वा सोभन्दा बढी बीमकहरु एकआपसमा गाभिएर अर्को निर्जीवन बीमा व्यवसाय गर्ने बीमक स्थापना गर्न सक्नेछन् ।

४. **विशेष प्रस्ताव पारित गर्नु पर्ने** : (१) बीमकले दफा ३ बमोजिम गाभ्न तथा गाभिन चाहेमा वा दुई बीमक एकआपसमा गाभिएर सोही व्यवसाय गर्ने बीमक स्थापना गर्न चाहेमा त्यसरी गाभ्न, गाभिन तथा स्थापना गर्न चाहने बीमकले वा निर्देशिका १८ बमोजिम गाभ्ने वा गाभिने कार्य गर्न समितिले कुनै बीमकलाई निर्देशिका दिएमा सम्वन्धित बीमकहरुले गाभ्ने वा गाभिने वा स्थापना गर्ने सम्वन्धमा आफ्नो आ-आफ्नो साधारण सभामा विषेश प्रस्ताव पेश गरी प्रस्तावित योजना (प्रोपोज्ड स्कीम) पारित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेष प्रस्ताव पारित गर्दा त्यसरी बीमक गाभ्ने वा गाभिने वा स्थापना गर्ने अवधि र सो सम्बन्धी प्रस्तावित योजना (प्रपोज्ड स्कीम) समेत पारित गर्नु पर्नेछ ।

५. **प्रारम्भिक कारवाही सम्वन्धी निवेदन दिनु पर्ने** : (१) दफा ३ बमोजिम गाभ्न वा गाभिन वा स्थापना गर्न चाहने बीमकहरुले अनुसूची १ बमोजिमको ढाँचामा समिति समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संयुक्त निवेदन दिँदा बीमकहरुले निवेदनका साथ देहायका कागजात तथा विवरणहरु संलग्न गर्नु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने बीमकको नाम, ठेगाना र बीमा व्यवसाय गर्न प्राप्त बीमक दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) गाभ्ने वा गाभिने बीमकको साधारण सभाबाट पारित दफा ४ बमोजिमको प्रस्तावित योजना (प्रपोज्ड स्कीम) को प्रमाणित प्रतिलिपि,

(ग) गाभ्ने वा गाभिने सम्बन्धमा बीमकको सञ्चालक समितिको निर्णय तथा सो सम्बन्धी निर्णयहरुको प्रमाणित प्रतिलिपि,

(घ) गाभ्ने वा गाभिने बीमकको शेयर खरिद, बिक्रि वा शेयर आदान प्रदानको अनुपात निर्धारण सम्बन्धी प्रमाणित विवरण,

(ङ) गाभ्ने वा गाभिने बीमकको चल अचल सम्पत्ति, दायित्व तथा सल्भेन्सी अवस्थाको सम्बन्धमा बीमाङ्कीबाट गरिएको मूल्यांकन प्रतिवेदन,

(च) गाभिए पछि कायम वा स्थापना हुने बीमकको सञ्चालक समितिको संरचना र उच्च व्यवस्थापन सम्बन्धी व्यवस्था,

(छ) प्रस्तावित योजनाको अनुमानित अवधि तथा गाभिएपछि हुन सक्ने गाभ्ने संस्थाको वित्तीय विवरण,

(ज) गाभ्ने तथा गाभिने बीमकसँग सम्वन्धित बीमित, साहु तथा शेयरधनीहरुको हितको रक्षा सम्बन्धी प्रस्तावित व्यवस्था,

(झ) समितिद्वारा जारी गरिएको संस्थागत सुशाशन सम्बन्धी व्यवस्थाको परिपालनाको अवस्था,

(ञ) प्रस्तावित योजना (प्रपोज्ड स्कीम) ले बीमकहरुको मुख्य मुख्य कराहरुमा पर्ने प्रभाव,

(ट) बीमकको सूचना प्रविधिसँग सम्बन्धित विवरण,

(ठ) नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा गाभ्ने वा गाभिने बीमकको शेयर कारोवार रोक्का गरिएको प्रमाण, र

(ड) समितिले तोकेका अन्य आवश्यक कागजात तथा विवरण ।

(३) यस दफा बमोजिम दिइने निवेदनमा बीमकको सञ्चालक समितिको निर्णय बमोजिम अख्तियार प्राप्त सञ्चालकले दस्तखत गरेको हुनु पर्नेछ ।

६. **समितिले छलफल गर्न सक्ने** : (१) दफा ५ बमोजिम संयुक्त निवेदन परेमा समितिले निवेदन साथ संलग्न कागजात तथा विवरणको छानबिन गरी आवश्यक भएमा थप कागजात तथा विवरण पेश गर्न लगाई सामान्यतया तीस दिनभित्र निवेदकहरुलाई छलफल गर्न बोलाउन सक्नेछ ।

७. **प्रारम्भिक स्वीकृति दिन सक्ने** : (१) दफा ५ बमोजिम संयुक्त निवेदन परेमा सो उपर दफा ६ बमोजिम छलफल गर्दा निवेदन बमोजिम बीमकलाई गाभ्न वा गाभिन वा नयाँ बीमक स्थापना गर्न दिंदा देहायको अवस्था हासिल हुने कुरामा समिति विश्वस्त भएमा समितिले बीमकलाई गाभ्न वा गाभिने सम्बन्धी कारवाही अगाडि बढाउन स्वीकृति दिन सक्नेछ :-

(क) निवेदकलाई गाभ्दा वा निवेदक गाभिँदा मुलुकमा बीमा क्षेत्रको विकास र विस्तार हुने,

(ख) बीमक गाभ्दा वा गाभिँदा स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर नपर्ने,

(ग) बीमकलाई गाभ्न वा गाभिँन दिँदा बिमितको हक र हित संरक्षण हुने,

(घ) प्रस्तावित योजना (प्रपोज्ड स्कीम) सँग सम्बन्धित पक्षहरुबाट बीमा ऐन, नियमावली तथा समितिबाट जारी गरिएका निर्देशिकाहरुको परिपालना हुने,

(ङ) बीमक गाभ्ने वा गाभिने कार्य र प्रकृया प्रस्तावित योजना (प्रपोज्ड स्कीम) बमोजिम पूरा गर्न सकिने देखिएमा ।

(२) उपदफा (१) बमोजिम सहमति दिँदा समितिले निवेदक बीमकलाई कार्य सम्पन्न गर्ने अवधि तथा आवश्यक शर्त तोक्न वा निर्देशिका दिन सक्नेछ ।

## परिच्छेद ३

## बीमकको मूल्याङ्कन सम्वन्धी व्यवस्था

८. **सम्पत्ति र दायित्वको मूल्याङ्कन गर्नु पर्ने** : (१) गाभ्ने वा गाभिने सम्बन्धी कारवाही अगाडि बढाउन समितिबाट दफा ७ बमोजिम स्वीकृति प्राप्त भएमा सम्बन्धित बीमकहरुले आ आफ्नो सम्पत्ति र दायित्वको सम्बन्धमा पछिल्लो कारोवारको अवस्था खुल्ने गरी साठ्ठी दिन भित्र बीमाङ्कीय मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गराउँदा सो सम्बन्धी स्थापित मान्यता, आधार, मापदण्ड र समितिले तोकेको शर्त बमोजिम सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति र दायित्वको मूल्याङ्कन गरी बीमाङ्कीले सोको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्नेछ ।

९. **समग्र वित्तीय अवस्थाको मूल्याङ्कन गर्नु पर्ने** : (१) गाभ्ने वा गाभिने सम्बन्धी कारवाही अगाडि बढाउन समितिबाट दफा ७ बमोजिम स्वीकृति प्राप्त बीमकले मूल्यांकनकर्ताबाट आफ्नो समग्र वित्तीय अवस्थाको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले दफा ८ बमोजिमको बीमाङ्की सम्बन्धी प्रतिबेदन, बीमकको समग्र वित्तीय अवस्था, समितिले तोकिदिएका आधार समेतका आधारमा बीमकको मूलतः देहायको पक्षको मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) नेटवर्थ,

(ख) जगेडा कोषको व्यवस्था,

(ग) प्रचलित कानून पालनाको स्थिति,

(घ) लगानीको व्यवस्था,

(ङ) जनशक्ति व्यवस्थापन,

(च) सूचना प्रविधि,

(छ) व्यवसायको बजार अंश,

(ज) शेयर आदान प्रदान अनुपात, र शेयरको बजार मूल्य

(झ) सल्भेन्सी अवस्था

(ञ) दावी भुक्तानी वापतको व्यवस्थाको पर्याप्तता

(ट) असमाप्त जोखिम जगेडाको पर्याप्तता

(ठ) जिवन बीमा व्यवसाय गर्ने बीमकको हकमा जिवन बीमा कोषको अवस्था, र

(ड) समितिले तोकिदिएका अन्य कागजात ।

(३) उपदफा (२) बमोजिम समग्र वित्तिय अवस्थाको मूल्याङ्कन गरीसोको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको प्रतिवेदनमा मूल्यांकनकर्ताले उपदफा (२) मा उल्लिखित विषयका अतिरिक्त बीमकको सल्भेन्सी अवस्था, दावी भुक्तानी वापत गरिएको व्यवस्थाको पर्याप्तता, जोखिम व्यहोर्न जगेडा कोष समेतका सम्बन्धमा आफ्नो राय समेत उल्लेख गर्नु पर्नेछ ।

बीमा समिति-२०४९ Insurance Board 1992

परिच्छेद ४

## गाभ्ने वा गाभिने सम्झौता सम्बन्धी व्यवस्था

१०. **गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गर्नु पर्ने** : (१) दफा ७ बमोजिम समितिबाट गाभ्ने वा गाभिने सम्बन्धमा स्वीकृति प्राप्त भएपछि बीमक गाभ्ने वा गाभिने सम्बन्धमा सम्बन्धित निवेदकहरुले गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्नु पर्ने सम्झौतामा अन्य कुराहरुको अतिरिक्त देहायका विषयहरु खुलाएको हुनु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने बीमकको नाम, ठेगाना, व्यवसायको किसिम, गाभिए पछि कायम हुने नाम, ठेगाना, बीमकको व्यवसायको किसिम,

(ख) बीमकहरुको गाभ्नु वा गाभिनुको आवश्यकता र औचित्य,

(ग) बीमक गाभ्नु वा गाभिनुले बीमा क्षेत्रमा पार्ने असर,

(घ) बीमितको हक हित संरक्षण गर्ने व्यवस्था,

(ङ) सर्वसाधारण शेयरधनी र अन्य साहूहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(च) बीमकको वित्तीय अवस्था, लगानी र कारोबारको व्यवस्थापन,

(छ) बीमितको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति,

(ज) बिदेशी बीमक लगानीकर्ता रहेको बीमकको हकमा त्यस्तो बीमकको सहमति पत्र,

(झ) गाभ्न वा गाभिन लाग्ने अनुमानित समयावधि,

(ञ) बीमकको प्रबन्धपत्र, नियमावली, इजाजतपत्र तथा नयाँ बीमकका रुपमा परिणत हुने वा गाभ्ने वा गाभिने संस्थाको नाम,

(ट) गाभिएपछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचना,

(ठ) गाभिए पछिको बीमकको जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(ड) गाभ्ने वा गाभिने बीमकको शेयर आदान प्रदान अनुपात,

(ढ) बीमकको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता

(ण) प्रचलित कम्पनी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(त) प्रचलित धितोपत्र विनिमय बजारसँग सम्बन्धित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(थ) संस्थागत पुर्नसंरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन सम्वन्धी व्यवस्था,

(द) गाभिए पछि कारोवार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

(ध) गाभ्ने वा गाभिने अनुमानित लागत रकम,

(न) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा, र

(प) समितिले तोकेका अन्य आवश्यक विषयहरु ।

## परिच्छेद-५

## गाभ्ने वा गाभिने स्वीकृति तथा सोको परिणाम

११. **गाभ्ने वा गाभिने सम्बन्धी निवेदन** : (१) दफा ७ बमोजिम स्वीकृति प्राप्त गरेका बीमकले परिच्छेद ३ बमोजिमको मूल्याङ्कन र ४ बमोजिम गाभ्ने वा गाभिने सम्बन्धी सम्झौता गरे पछि बीमकलाई औपचारिक रुपमा गाभ्ने वा गाभिने सम्बन्धी स्वीकृतिको लागि अनुसूची २ बमोजिमको ढाँचामा समिति समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनका साथ बीमकले देहाय बमोजिमका थप कागजात संलग्न गर्नु पर्नेछ :-

(क) परिच्छेद ३ बमोजिम गरिएको मूल्याङ्कन,

(ख) परिच्छेद ४ बमोजिम गरिएको सम्झौता पत्र,

(ग) गाभ्ने वा गाभिने बीमकहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(घ) गाभ्ने वा गाभिने सम्बन्धमा कुनै समझदारीपत्र (एम.ओ.यू) भए त्यस्तो समझदारीपत्र र गाभ्ने वा गाभिने सम्बन्धी निर्णय,

(ङ) बीमितहरु, साहुहरु (केडिटर्स) र शेयरधनीहरुको हित रक्षा हुने विवरण,

(च) गाभ्ने वा गाभिने बीमकको चल, अचल सम्पत्ति, सल्भेन्सी अवस्था तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त बीमाङ्की तथा मूल्याङ्कनकर्ताको प्रतिवेदन,

(छ) गाभिए पश्चात वन्ने बीमकको प्रस्तावित सञ्चालक समितिको विवरण तथा प्रस्तावित उच्च व्यवस्थापकीय तहको विवरण,

(ज) गाभ्दा वा गाभिदा हुने पुनर्बीमा व्यवस्था सम्बन्धी विवरण,

(झ) गाभ्दा वा गाभिदा हुने सम्पत्तिको रक्षा तथा सोको मर्मत तथा संहार सम्बन्धी व्यवस्था ,

(ञ) गाभ्ने वा गाभिने बीमकको शेयर अनुपात निर्धारण सम्बन्धी निर्णयको प्रतिलिपि,

(झ) गाभ्ने वा गाभिने सम्बन्धी कार्य योजना तथा गाभिएपछि कारोवार गर्ने मिति खुल्ने कार्यतालिका,

(ञ) गाभ्ने वा गाभिने बीमकहरुले गाभिने योजना अनुरुप अन्य नियमनकारी निकायबाट प्राप्त देहायका अनुमतीपत्रको प्रतिलिपि :-

(अ) कम्पनी ऐनको दफा १७७ को प्रक्रिया पुरा गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त भएको निर्णय,

(आ) आन्तिरक राजश्व विभागमा आशयपत्र पेश गरेको भए सो को प्रमाण, र

(ट) सुचना प्रविधि सम्बन्धी जानकारी,

(ठ) गाभिए पश्चात हुने बीमकको वित्तीय विवरणको प्रक्षेपण, र

(ड) समितिले तोकेका अन्य कागजात तथा विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा समितिले छानविन गरी आवश्यक भए थप विवरण तथा कागजात वा जानकारी माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले थप कागजात, विवरण वा जानकारी माग गरेमा सो अवधिभित्र माग गरिएका कागजात, विवरण तथा जानकारी निवेदकहरुले समितिमा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको निवेदन तथा संलग्न कागजात र थप कागजात, विवरण वा जानकारी माग गरेमा सोको सम्बन्धमा समितिले आवश्यक छानविन गरी पैंतालीस दिनभित्र त्यस्तो बीमकलाई गाभ्न वा गाभिन दिने वा नदिने सम्बन्धमा निर्णय गरी सोको जानकारी सम्बन्धित बीमकलाई दिनु पर्नेछ ।

१२. **अन्तिम स्वीकृति दिन सक्ने** (१) समितिले दफा ११ बमोजिम प्राप्त भएको संयुक्त निवेदन उपर छानविन गरी बीमकलाई गाभ्न वा गाभिन दिंदा देहायका कुराहरु बिचार गरी सो सम्बन्धमा समिति विश्वस्त भएमा निवेदकहरुलाई गाभ्ने वा गाभिने कार्य नब्बे दिन भित्र सम्पन्न गर्न स्वीकृति दिन सक्नेछ ।

(क) बीमकसंग गाभ्ने वा गाभिने सम्बन्धमा परेको निवेदन,

(ख) सम्पत्ति, दायित्व तथा सल्भेन्सी अवस्थाको मूल्याङ्कन प्रतिवेदन,

(ग) तोकिएका आवश्यक शर्तहरु पालनाको स्थिति,

(घ) आपसी सम्झौता सम्बन्धी विवरण तथा सोबाट पर्ने प्रभाव ,

(ङ) नेपालको बीमा बजारको स्थिति,

(च) बीमित हितको संरक्षण ।

(छ) अन्य आवश्यक कुराहरु

(२) उपदफा (१) बमोजिम स्वीकृति प्रदान गर्दा समितिले आवश्यक ठानेका बिषयमा परिवर्तन, हेरफेर, पुनर्विचार गर्न गराउन वा आवश्यक शर्त तोक्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बीमक गाभ्दा वा गाभिंदा सोबाट बीमा क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुने कारणबाट स्वीकृति दिन नमिल्ने देखिएमा समितिले निवेदकलाई सोको कारण खोली जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले स्वीकृति दिन नमिल्ने जानकारी गराएमा दफा ७ बमोजिम समितिले दिएको स्वीकृति स्वतः रद्द हुनेछ ।

(५) उपदफा (१) बमोजिम स्वीकृति दिएमा समितिले सर्वसाधारणको जानकारीको लागि सो को सूचना सार्वजनिक रुपले प्रकाशन गर्नु पर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बीमकले गाभ्ने वा गाभिने सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति वा सहमति लिनु पर्नेमा सो प्राप्त नगरेसम्म समितिले त्यस्तो बीमकलाई गाभ्ने वा गाभिने सम्बन्धमा स्वीकृति दिने छैन ।

१३. **सूचना प्रकाशन गर्नुपर्ने** : (१) दफा १२ बमोजिम स्वीकृति प्राप्त गर्ने निवेदकहरुले सात दिनभित्र सर्वसाधारणको जानकारीका लागि कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सो सम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गर्ने सूचनामा गाभ्ने वा गाभिने कार्य सम्पन्न गर्न लाग्ने समय तथा कारोबार प्रारम्भ गर्ने समय उल्लेख गर्नु पर्नेछ ।

१४. **गाभ्ने वा गाभिने सम्बन्धमा दिइएको अन्तिम स्वीकृतिको परिणाम** : (१) बीमक गाभ्ने तथा गाभिने मिति तथा काय प्रकृया समितिले दफा १२ बमोजिम स्वीकृती दिँदा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

(२) बीमा व्यवसायको गाभ्ने तथा गाभिने कार्य समाप्त भए पश्चात प्रस्तावित योजना र सोसँग सम्बन्धित व्यवस्था गाभ्ने वा गाभिने बीमक, बीमकका शेयरधनी, बीमीत, बीमकका साहु, कर्मचारी तथा त्यस्ता बीमकसँग अधिकार वा दायित्व रहेका अन्य व्यक्ति तथा संस्थाहरुलाई लागु हुनेछ ।

(३) बीमक गाभ्ने वा गाभिने सम्बन्धमा समितिबाट स्वीकृति प्राप्त भएको मितिदेखि गाभिने बीमकको सम्पत्ति तथा दायित्वको सम्बन्धमा देहायबमोजिम हुनेछ :-

(क) सम्पुर्ण जायजेथा तथा दायित्व गाभ्ने वा नयाँ बीमकमा हस्तान्तरण भएको मानिनेछ

(ख) बीमक गाभ्दा गाभिने बीमकको नाममा रहेको सम्झौता बमोजिमको कुनै पनि जग्गा जमिन वा जग्गा जमिनमा रहेको हक वा अन्य कुनै संस्थामा रहेको लगानी, हक वा शेयर भए सो समेत गाभिने बीमकले गाभ्ने वा नयाँ बीमकको स्वामित्वमा सार्न सो सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो काम कारवाही गर्ने निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(ग) गाभिने बीमकको नाममा नेपाल बाहिर कुनै सम्पत्ति वा व्यवसाय रहेको भएमा त्यस्तो सम्पत्ति वा व्यवसाय रहेको मुलुक र नेपाल बीच सो निर्णय कार्यान्वयन सम्बन्धी कुनै सम्झौता भएको भए सो बमोजिमको त्यस्तो निर्णय स्वतः कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

१५. **सहजीकरण गर्न सक्ने** : (१) दफा ७ बमोजिम गाभ्ने वा गाभिने सम्बन्धी कारवाही अगाडि बढाउन स्वीकृति प्रदान गरेका बीमकले गाभ्ने वा गाभिने सम्बन्धी कार्य सम्पन्न गर्न कारण खोली सहजीकरणको लागि समिति समक्ष संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा समितिले ऐन, बीमा नियमावली, २०४९ को अधिनमा रही त्यस्ता बीमकको गाभ्ने वा गाभिने सम्बन्धी कार्यलाई सहजीकरण गरी दिन सक्नेछ ।

१६. **गाभिएको सुचना प्रकाशन गर्नु पर्ने** : (१) बीमकलाई गाने वा गाभिने सम्बन्धी कार्य सम्पन्न भए पछि नयाँ कायम हुने बीमकले सो सम्बन्धी सूचना सो कार्य सम्पन्न भएको सातदिन भित्र कम्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक प्रत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनाको प्रति बीमकले सातदिनभित्र समिति पेश गर्नु पर्नेछ ।

१७. **गाभ्ने वा गाभिने बीमकलाई दिइने छुट** : बीमक गाभ्दा वा गाभिदा समितिले आवश्यकतानुसनार देहाय बमोजिमको छुट प्रदान गर्न सक्नेछ :-

(क) बीमक गाभ्ने वा गाभीने कार्य गर्दा गाभ्ने बीमकले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पुँजी अपुग हुन गएमा एक बर्ष सम्मको अबधि थप गर्न सक्नेछ ।

(ख) बीमक गाभ्ने वा गाभिने कार्य गर्दा गाभ्ने बीमकको गाभिए पश्चात हुन जाने लगानी तोकिएको क्षेत्र र प्रतिशत अर्न्तगत हुन नसकेमा त्यस्तो लगानी तोकिएको क्षेत्र र प्रतिशत अर्न्तगत ल्याउन एकबर्ष सम्मको अवधि थप गर्न सक्नेछ ।

(ग) बीमकलाई गाभेको कारणबाट गाभ्ने बीमकको शेयर संरचनामा कुनै एक व्यक्ति, समूह वा संस्थाको नाममा चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढि शेयर स्वामित्व कायम हुन गएमा त्यस्तो शेयर स्वामित्वलाई पन्ध्र प्रतिशतको सिमा भित्र ल्याउन दुईबर्ष सम्मको अवधि प्रदान गर्न सक्नेछ ।

(घ) बीमक गाभिएकै कारण गाभ्ने बीमकको व्यवस्थापन खर्च तोकिएको सिमा भन्दा बढि भएमा आवश्यक छुट दिन सक्नेछ ।

## परिच्छेद- ६

## विविध

१८. **निर्देशिका दिन सक्ने** : (१) समितिले बीमित हित संरक्षण गर्न वा बीमा व्यवसायको प्रवंधन गर्न दुई वा सो भन्दा बढी बीमक गाभ्न वा गाभिन मनासिव देखेमा सोको कारण खोली त्यस्ता बीमकहरुलाई गाभ्न वा गाभिन नपर्ने सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्न निर्देशिका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशिका दिइएमा एक्काइस दिन भित्र सम्वन्धित बीमकले सोको जवाफ समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जवाफ पेश हुन नआएमा वा पेश भएको जवाफ सन्तोषजनक नभएमा समितिले कारण खुलाई सो बीमकहरुलाई गाभ्न वा गाभिनका लागि निर्देशिका दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले निर्देशिका दिएमा सम्वन्धित बीमकहरुले गाभ्ने वा गाभिने सम्वन्धमा यस निर्देशिका बमोजिम कारवाही अघि बढाउनु पर्नेछ ।

१९. **बीमकको अन्तरिम व्यवस्थापन** : (१) बीमक गाभिएकै कारण गाभ्ने बीमकको सञ्चालक समितिमा समानुपातिक प्रतिनिधित्व रहन नसक्ने अवस्था भएमा समितिको स्वीकृति लिएर बढीमा दुईजना व्यक्तिलाई सञ्चालक सरह सुविधा पाउने गरी दुईबर्षसम्म सल्लाहकार नियुक्त गर्न सकिने छ ।

तर गाभ्ने बीमकले स्वतन्त्र सञ्चालकको नियुक्ती गर्ने सम्वन्धमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) गाभ्ने बीमकले गाभिने बीमकको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताव दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

अनुसूची १

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)

बीमक गाभ्ने वा गाभिने प्रस्तावित योजना अन्तर्गत आवेदनको ढाँचा

श्री बीमा समिति

चाहबिल, काठमाडौं ।

बिषय: गाभ्न/गाभिन प्रारम्भिक स्वीकृति पाउँ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम ............................... (पब्लिक लिमिटेड कम्पनीको रुपमा) नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा ऐन बमोजिम जीवन/निर्जीवन बीमा व्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त.................................... नामको बीमक, र प्रचलित कम्पनी ऐन बमोजिम ................................ (पब्लिक लिमिटेड कम्पनीको रुपमा) नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा ऐन बमोजिम जीवन/निर्जिवन बीमा व्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त.................................... नामको बीमक बिच गाभ्न/गाभिन सहमति भएकोले सो अनुरुप कार्य सम्पन्न गर्न तहाँको स्वीकृतिको लागि तोकिएका कागजात सहित यो संयुक्त निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | | |
|---|---|---|
| भवदीय, | भवदीय, | भवदीय, |
| ........................................ | ........................................ | ........................................ |
| (बीमकको तर्फबाट आधिकारिक व्यक्ति) | (बीमकको तर्फबाट आधिकारिक व्यक्ति) | (बीमकको तर्फबाट आधिकारिक व्यक्ति) |
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| ठेगाना: | ठेगाना: | ठेगाना: |
| टेलिफोन नं : | टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : | इमेल ठेगाना : |
| मिति: | मिति: | मिति: |
| संस्थाको छाप: | संस्थाको छाप: | संस्थाको छाप: |



Insurance Board 1992

अनुसूची २

(दफा ११ को उपदफा (१) संग सम्वन्धित)

बीमक गाभ्ने वा गाभिने सम्बन्धी निवेदनको ढाँचा

श्री बीमा समिति

चाहबिल, काठमाडौं ।

विषय: गाभ्न/गाभिन अन्तिम स्वीकृति पाउँ ।

महोदय,

बीमा समितिबाट मिति                    मा पुर्व स्वीकृति प्राप्त भए अनुरुप बीमा ऐन बमोजिम जीवन /निर्जिवन बीमा व्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त.................................. नामको बीमक, र .................................. नामको बीमक बिच गाभ्ने/गाभिने सम्वन्धमा तोकिएका सम्पूर्ण कार्य सम्पन्न गरेको हुँदा गाभ्न/गाभिन तहाँको स्वीकृतिको लागि तोकिएका कागजात सहित यो संयुक्त निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | | |
|---|---|---|
| भवदीय,<br><br>..................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नाम:<br>पद:<br>ठेगाना:<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मिति:<br>संस्थाको छाप: | भवदीय,<br><br>..................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नाम:<br>पद:<br>ठेगाना:<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मिति:<br>संस्थाको छाप: | भवदीय,<br><br>..................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नाम:<br>पद:<br>ठेगाना:<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मिति:<br>संस्थाको छाप: |